# नेपाल सरकार

# शिक्षक सेवा आयोग

## माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षा

## विषयगत परीक्षा-२०८१

**तह : माध्यमिक** | **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** | **उत्तीर्णाङ्क : ४०**

**विषय : सामाजिक अध्ययन**

**सबै प्रश्नहरु अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।**

### खण्ड (क)

| | |
|---|---|
| १. नेपालमा सामाजिक अध्ययन विषयको विकासक्रमका बारेमा सविस्तार वर्णन गर्नुहोस् । वर्तमान समयमा विद्यालय तहमा सामाजिक अध्ययन विषय शिक्षणको महत्व दर्शाउनुहोस् । | ६+४ |
| २. सामाजिक अध्ययन अन्तर्गत जनसङ्ख्या शिक्षा शिक्षणको परिचय दिनुहोस् । जनसङ्ख्या शिक्षाको अवधारणा अध्यापनका उद्देश्यहरु बुँदागत रूपमा लेख्नुहोस् । जनसाङ्ख्यिक परिवर्तन शिक्षणमा क्षेत्र भ्रमण विधिको उपयोगका बारेमा प्रकाश पार्नुहोस् । | ३+३ +४ |
| ३. सूचना र सञ्चार प्रविधिको उपयोगबाट माध्यमिक तहका विद्यार्थीहरुमा कस्ता कस्ता सिपको विकास गर्न सकिन्छ ? माध्यमिक तहमा सूचना तथा सञ्चार प्रविधि (जि.पि.एस. र जि.आई.एस. समेत) को प्रयोग सम्बन्धी विषयवस्तु अध्यापन गर्दा अपनाउनुपर्ने शिक्षण सिकाइ क्रियाकलाप समेटेर एउटा पाठयोजना तयार पार्नुहोस् । | ४+६ |
| ४. माध्यमिक तहमा सामाजिक अध्ययन विषयका प्रश्नपत्र निर्माणका आधारहरुको चर्चा गर्नुहोस् । माध्यमिक शिक्षा परीक्षामा विद्यार्थीहरुलाई सामाजिक अध्ययन विषयमा उच्च सिकाइ उपलब्धि हासिल गर्न सक्ने बनाउन तपाईंका सुझावहरु बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । | ५+५ |
| ५. नेपालमा बसाइसराइले सहरीकरण प्रक्रियामा कस्तो प्रभाव पारिरहेको छ ? बसाइसराइको कारणले हुने सहरी प्रदूषण रोक्न चाल्नुपर्ने कदमहरु शिक्षण गर्न उपयुक्त हुने शिक्षण विधिको सूची तयार पार्दै समस्या समाधान विधिको फाइदाहरु उल्लेख गर्नुहोस् । | ३+२ +५ |

..........................................................................................................

### खण्ड (ख)

| | |
|---|---|
| **६.** नेपालको प्राचीन तथा मध्यकालीन सामाजिक अवस्थाको अध्ययनको औचित्य उल्लेख गर्नुहोस् । विभिन्न प्रकारका प्रकोपबाट जीर्ण भएका ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थल एवम् वस्तुहरुको संरक्षण र संवर्द्धन गर्न अपनाउनु पर्ने उपायहरुको बारेमा विवेचना गर्नुहोस् । | **४+६** |
| **७.** सूचनाको अधिकार र सुशासन बीचको सम्बन्ध उल्लेख गर्नुहोस् । साथै, नेपालमा हाल अवलम्बन गरिएको निर्वाचन प्रणालीबाट सुशासनका समग्र पक्षहरुमा पर्न गएका सकारात्मक एवम् नकारात्मक पक्षहरुको बारेमा वस्तुनिष्ठ विवेचना गर्नुहोस् । | **५+५** |
| **८.** नेपालको आर्थिक विकासमा सहकारी क्षेत्रको महत्व वर्णन गर्नुहोस् । वर्तमान समयमा सहकारीको क्षेत्रमा देखा परेका समस्या समाधान गर्न अवलम्बन गर्नुपर्ने पाँचवटा मुख्य उपायहरु उल्लेख गर्नुहोस् । | **५+५** |
| **९.** संयुक्त राष्ट्रसंघले नेपालको विकास प्रक्रियामा खेलिरहेको भूमिका कस्तो रहेको छ ? नेपाल जस्ता विकासशील मुलुकहरुले बहुराष्ट्रिय संगठनहरुमा आबद्ध हुँदा उठाउन सक्ने लाभको बारेमा चर्चा गर्नुहोस् । | **५+५** |
| **१०.** सामाजिक द्वन्द्व भन्नाले के बुझ्नुहुन्छ ? नेपाली समाजमा विगतमा देखिएका कुनै दुई प्रकारका सामाजिक द्वन्द्वका विशेषताहरु समीक्षा गर्दै विगतको सशस्त्र द्वन्द्व व्यवस्थापन गर्न संलग्न निकाय/संस्थाहरुले अपनाएका उपायहरु समेत उल्लेख गर्नुहोस् । | **४+६** |

****